नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं,

पत्र संख्या :- ०८१/८२
चलानी नं.:- २३५५

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
२०५०

मिति: २०८२/०३/०९

**विषय:** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री ईकोस्ट्रीम पावर कं. प्रा. लि.
महाराजगञ्ज, काठमाडौं, नेपाल ।
फोन नं. ०१-४३७१७४८

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित कान्खु खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम <u>सात (७)</u> दिनको थप समयावधि भित्र विभाग समक्ष पेश गर्नुहुन विभागको मिति २०८२/०३/०६को निर्णयानुसार जानकारी गराइन्छ ।

१. परामर्श दातृ संस्था सँग सम्भाव्यता अध्ययन गर्न भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
२. डेस्क अध्ययन प्रतिवेदनमा उल्लेख भएको संरचना माग भएको क्षेत्र भन्दा बाहिर पर्ने देखिएकोले माग भएको क्षेत्र भित्र नै सिमित रहेर तयार गरिएको त्रुटिरहित र यथार्थपुरक डेस्क अध्ययन प्रतिवेदन (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)
३. स्थलरुप नक्शामा गलत अक्षांश उल्लेख भएकोले आयोजनाको प्रमुख संरचना सहित सहि अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुप (टोपो) नक्शा (दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(डा. आस्था भट्ट)
इन्जिनियर